# संसदीय सुनुवाईका लागि प्रस्तुत कार्य-योजना

<u>**प्रस्तुतकर्ता**</u>

डा. नेत्रप्रसाद तिम्सिना

(मलेसिया लगायत तोकिएका देशहरुका लागि
प्रस्तावित राजदुत)

२०८१

# विषय सूची


| | पेज |
|---|---|
| भूमिका | |
| १. मलेसियाको संक्षिप्त परिचय | ३ |
| २. नेपाल-मलेसिया द्विपक्षीय कुटनीतिक सम्बन्ध | ५ |
| २.१ श्रम सम्बन्ध र रोजगारी | ५ |
| २.२ व्यापार सम्बन्ध | ६ |
| २.३ शिक्षा र प्राविधिक सहयोग | ८ |
| २.४ पर्यटन | ८ |
| २.५ प्रत्यक्ष वैदेशिक लगानी | ९ |
| ३. हस्ताक्षर भएका तथा तयारीको क्रममा रहेका समझदारी तथा सम्झौताहरुको कार्यान्वयन | ९ |
| ४. कन्सुलर तथा अन्य सेवा | ९ |
| ५. विभागत कार्य-योजना | १० |
| ६. सहप्रमाणीकृत देशहरुको सम्बन्धमाः इन्डोनेसिया, फिलिपिन्स, ब्रुनाई र पूर्वी-टिमोर | १० |
| ६.१ इन्डोनेसिया | १३ |
| ६.२ फिलिपिन्स | १३ |
| ६.३ ब्रुनाई | १४ |
| ६.४ पूर्वी टिमोर | १४ |
| ७. निष्कर्ष | १४ |
| | १५ |

## भूमिका

मलेसिया राज्यका लागि नेपाली राजदूतका रुपमा मेरो नाम सिफारिस भएकाले संसदीय सुनुवाईका लागि सम्मानित संसदीय समितिमा उपस्थित भएको छु। यस सम्मानित संसदीय समितिबाट अनुमोदन भई अन्य आवश्यक प्रकृया पुरा भएमा नेपाली राजदूतका हैसियतले वृहत्तर राष्ट्रिय हित अभिवृद्धि गर्ने गरी नेपाल, मलेसिया र दक्षिण पुर्वी एशियाका सहप्रमाणिकृत मुलुकहरु बिचको द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउन काम गर्नेछु।

आजको वदलिदो विश्व परिवेशसंगै कुटनीतिका आयामहरु पनि विस्तारित भएका छन र कतिपय विषयहरु क्षेत्रिय र अन्तर्राष्ट्रिय तहमा संयुक्त रुपमा संवोधन गर्नु पर्ने छन। संसारमा थैरहेका युद्ध- हिंसा, अनुदारवादी व्यवस्थाको उदय र मानवताको संकट, जलवायु संकट, स्वास्थ्य संकट, गरिबी र भोकमरी, आप्रवासन, श्रम तथा रोजगारी जस्ता विषयहरु द्विपक्षीय मात्र होईन, यस्ता विषयहरु वहुपक्षीय र अन्तर्राष्ट्रिय चासोका विषय वनेका छन। यस्ता संकटहरुले विश्वका सवै राष्ट्रहरुलाई असर गरे पनि, अतिकम विकसित र विकासोन्मुख राष्ट्र र त्यहाँका समुदायलाई वढी प्रभाव पारेको छ। साथै आज विश्व व्यापार एक-अर्को राष्ट्रसंग यति अन्योन्याश्रित वन्यो कि, व्यापारका लागि वस्तु उत्पादन गरि निर्यात गर्न नसक्ने राष्ट्रहरु एक पछि अर्को गर्दै आर्थिक संकटमा पर्दै गैरहेका छन। तसर्थ: हाम्रो मुलुकको परराष्ट्र नीतिले निर्दिष्ट गरे वमोजिम म राजदुतको हैसियतले मलेसिया र दक्षिण पुर्वी एशियाका देशहरु-ईन्डोनेसिया, फिलिपिन्स, ब्रुनाई र पुर्वी टिमोरमा निम्न नीति, सिद्धान्त र मन्यतामा रहि काम गर्नेछु:

- हाम्रो कुटनीतिक कार्यले विधिमा आधारित न्यायपूर्ण, समावेशी, मानवकेन्द्रित र निष्पक्ष विश्व व्यवस्था निर्माणका लागि योगदान गर्नु पर्छ र मलेसिया र अन्य दक्षिणपुर्वी एशियाका मुलुकहरुसंग हाम्रो परराष्ट्र मंत्रालयसंग समन्वय गरि विधिमा आधारित विश्व व्यवस्था निर्माणमा नेपालले योगदान पुर्याउन सक्ने अवसरहरुको खोजी गर्ने।
- नेपालले अपनाएको परराष्ट्र नीतिका मार्गदर्शक सिद्धान्त र मान्यताहरु जस्तै सार्वभौमिक समानता, पन्चशीलका सिद्धान्त, संयुक्त राष्ट्रसंघको वडापत्रको भावना, असंलग्नता, अन्तर्राष्ट्रिय कानुन, निशस्त्रिकरण र विश्व शन्तिको मान्यता, लोकतन्त्र, मानव अधिकार र विधिको शासन, पर्यावरणीय अन्तर-निर्भरता तथा पर्यावरणिय संतुलन, मानव जातिको सुरक्षा र पृथ्वीको संरक्षण, आर्थिक समुन्नति र संमृद्धिलाई कुटनीति मार्फत विश्व सामु स्थापित गर्ने नीति रहे वमोजिम उक्त मान्यताहरुलाई मलेसिया र दक्षीण पुर्वी एशियाका अन्य मुलुकहरुमा स्थापित गर्ने।
- वदलिदो अन्तर्राष्ट्रिय परिवेशमा असंलग्न आन्दोलनको सान्दर्भिकता र महत्वलाई थप उजागर गर्ने।
- नेपाल जस्ता अतिकम विकसित मुलुकहरुका लागि अन्तर्राष्ट्रिय संन्धि-सम्झौतामा जलवायु-न्याय ( प्रदुषकले तिर्नु पर्ने सिद्धान्त-Polluters Pay Principle र समान तर पृथक जिम्मेवारीको सिद्धान्त- Common but Differentiated Responsibilities)) संवन्धि गरिएका व्यवस्थालाई कार्यन्वयन गराउन, पर्वतिय मुलुकहरूको हितलाई प्रवर्द्धन गर्न, सगरमाथा संवादलाई प्रचार प्रसार गर्न र धेरै भन्दा धेरै जलवायु वित्त

अतिकम विकसित र पर्वतिय राष्ट्रको क्षतिपुर्ति माग गर्ने अधिकारको रुपमा नेपाल भित्र्याउन क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मंचहरुमा लविङ गर्ने ।

- नेपालको विशिष्ट प्राकृतिक सौन्दर्य, मौलिक एवम् समृद्ध सभ्यता, संस्कृति, जीवन पद्धति, विविधता, चिन्तनधारा, कला, भाषा, साहित्य र खेलकुदको माध्यमबाट (सफ्ट पावर) नेपालको विशिष्टतालाई सार्वजनिक कुटनीति मार्फत प्रवर्द्धन गर्ने । यसका लागी आप्रवासी नेपालीहरुका संस्थासंग सहकार्य गरि परिचालन गर्ने ।
- क्षेत्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थामा देखापर्ने प्रवृत्ति र मुलुक विशेषको आर्थिक, व्यापारिक, औध्योगिक, प्रौध्योगिक तथा वित्तिय नीतिको अध्ययन गरि त्यसबाट नेपाललाई पर्ने प्रभावका बारेमा नियमित विश्लेषण गरि परराष्ट्र मंत्रालयलाई पृष्ठपोषण गर्ने ।
- "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय आकांक्षालाई परिलक्षित गरि पारस्परिक आर्थिक लाभ अभिवृद्धि गर्ने उत्पादन सन्जाल एवम् मूल्य श्रृङ्खला विस्तार गर्नका लागि मलेसिया र तोकिएका दक्षीण पूर्वी एशियाका राष्ट्रहरुबाट विकास सहायता परिचालन गर्ने, प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने, द्विपक्षीय वाणिज्य सम्बन्ध साझेदारी विस्तार गर्ने र ति मुलुकहरुबाट पर्यटक भित्र्याउने, नेपाली वस्तुहरु मलेसिया र दक्षीण पुर्वी एशियाली देशहरुमा निर्यात गर्ने संभावनाहरुको खोजी गर्ने र व्यापारमा सहायता (Aid for Trade) अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय वित्तिय संस्थासंग समन्वय गरि आर्थिक कुटनीतिलाई सवल बनाउने प्रयत्न गर्ने ।
- नेपाल जस्ता भूपरिवेष्ठित र अतिकम विकसित मुलुकको समग्र हित हुने गरि त्यस्ता राष्ट्रहरुको अधिकारको निर्वाध उपभोगका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मंचहरुमा अन्तर्राष्ट्रिय कानुन, सन्धि-संझौतामा भएका व्यवस्थालाई कार्यान्वयन गर्न लविङ गर्ने प्रयत्न गर्ने ।
- नेपाल र मलेसिया बीचको श्रम संवन्ध यी दुवै देशको कुटनीतिक संवन्धको महत्वपूर्ण आयाम हो । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र गुणस्तरीय बनाउन द्विपक्षीय श्रम संझौतालाई कार्यान्वयन गराउने र आवश्यकता अनुसार पुनरावलोकन गर्ने । नेपाली श्रमिकको पेशागत हकहित, सुरक्षा र मर्यादित रोजगारका लागि नेपाल र मलेसियाबीच सहयोग र समझदारी वढाउन सकृय भूमिका निर्वाह गर्ने । अप्ठ्यारो र जोखिमको अवस्थामा रहेका नेप्राली श्रमिकहरुलाई तत्काल उद्दार गर्ने ।
- सुरक्षित, मर्यादित, भरपर्दो र गुणस्तरीय रोजगारीका लागि अनुगमन गर्ने द्विपक्षीय संयन्त्रहरुलाई प्रभावकारी बनाउने र निर्माण गर्नु पर्ने संयन्त्रका लागि कुटनीतिक प्रयत्न गर्ने ।

माथी उल्लेख गरिएका नेपालका परराष्ट्र नीतिका मुख्य सिद्धान्त र मान्यताहरुलाई मलेसिया र अन्य केहि दक्षीण पूर्वी एशियाका मुलुकहरुका सन्दर्भलाई केन्द्रविन्दुमा राखेर उक्त राष्ट्रहरुसंग नेपालको कुटनीतिक सम्बन्ध, श्रम सम्बन्ध, व्यापार, पर्यटन तथा लगानीका सम्भावना र चुनौतीहरुलाई समेटेर यो कार्ययोजना प्रस्तुत गरेको छु ।

## १. मलेसियाको संक्षिप्त परिचय

मलेसिया दक्षिण पूर्वी एशियामा आर्थिक रुपमा एक समृद्ध राष्ट्र हो। दशकौं देखिको औद्योगिक विकास र राजनीतिक स्थिरताका कारणले मलेसियाले दक्षिण पूर्वी एशियामा एक सशक्त राष्ट्रका रुपमा आफूलाई उभ्याउन सफल भएकोछ। मलेसिया संवैधानिक राजतन्त्र भएको देश हो र यसमा ३ संघीय क्षेत्र (Federal Teritorries) र १३ राज्य छन् र यसलाई साउथ चाईना सागरले पेनिन्सुलर मलेसिया र वोर्नियो पूर्वी मलेसिया गरी २ भागमा छुट्टाएकोछ। मलेसियामा ३ करोड ४० लाख जनसंख्या छ र यो जनसंख्याका हिसाबले संसारको ३४ औं ठूलो देशमा पर्दछ। मलेसिया बहु-भाषिक, बहु-धार्मिक र बहु-सांस्कृतिक देश हो। भुमिपुत्र, आदिवासी मले, चाईनीज मलेसियन र भारतिय मलेसियन मुख्य जातजाती हुन। गोर्खा सिपाहीहरुका परिवारका सदस्यहरु पनि सानो संख्यामा मलेसियाको नागरिकको रुपमा रहेका छन।

शुरुमा यो देशको आर्थिक विकासको थालनी प्राकृतिक श्रोतको सदुपयोगबाट भएको थियो , तर बिस्तारै यो देशले अर्थतन्त्रलाई कृषिबाट औद्योगिक उत्पादन तर्फ रुपान्तरण गर्यो। व्यापार, पर्यटन र स्वास्थ्य पर्यटनलाई विस्तार गर्यो। अहिले मलेसियाले औद्योगिक बजार अर्थतन्त्रलाई समृद्ध बनाएको छ र मानव विकास सूचाङ्क पनि उच्च (८.०७) स्थानमा छ। मलेसियाले निर्यातमूलक अर्थतन्त्रलाई सबल बनाएको छ। मलेसियाको कुल गार्हस्थ उत्पादन (जीडीपी) बृद्धिदर ८.७% छ (विश्व बैंक, २०२२) र प्रति व्यक्ति आय सन् २०२२ मा अमेरिकन डलर १२,४६६ रहेको छ। मलेसियाले आर्थिक तथा राजनीतिक क्षेत्रीय संगठनहरुको शक्तिशाली सदस्य राष्ट्रकोरुपमा आफूलाई उभ्याएको छ। मलेसिया ईस्लामिक सहयोग संगठन (ओआईसी), पूर्वी एशिया समिट (ईएयस), दक्षिण पूर्वी एशियन राष्ट्रहरुको संघ (आशियान), असंलग्न राष्ट्रहरुको अभियान (नाम) र कमनवेल्थ तथा एशिया प्यासिफिक आर्थिक सहयोग संगठन (एपेक) को सदस्य रहेको छ।

## २. नेपाल-मलेसिया द्विपक्षीय कुटनीतिक सम्बन्ध

मलेसियासँग नेपालको औपचारिक द्विपक्षीय दौत्य सम्बन्ध सन् १९६० जनवरी १ मा भएको हो। त्यही समयमा दक्षिण पूर्वी एशियाका अन्य ठूला मुलुकहरु- ईन्डोनेसिया र फिलिपिन्स जस्ता देशहरुसँग पनि दौत्य सम्बन्ध स्थापित भएको थियो। सन् २००१ यता मलेसिया नेपालका लागि एक महत्वपूर्ण श्रम गन्तव्य मुलुक बनेको छ। त्यहि वेलादेखि नै मलेसियामा श्रमिक आपुर्ति गर्नका लागि नेपाल एक श्रोत देश मध्येमा पर्दछ। नेपालीलाई वैधानिक तवरले श्रमिकको रुपमा लिने एक पुरानो देश मध्येको महत्वपूर्ण देश मलेशिया हो। यसरी नेपाललाई औपचारिक रुपमा श्रमिक आपुर्ति गर्ने श्रोत देशको रुपमा पहिचान गर्नु नै मलेसिया नेपालको द्विपक्षीय सम्बन्ध सुदृढ हुनु हो।

दुवै देशहरु संयुक्त राष्ट्रसंघका सदस्य रहेका र असंलग्न आन्दोलनका सहयात्री भएकाले दुवै देशले संयुक्त राष्ट्रसंघको वडापत्रलाई आधारभूत सिद्धान्तका रूपमा मान्यता दिएकोले एक अर्कालाई सम्मान गर्ने गर्दछन्। मलेसियन जनता र नेपाली जनताको शताब्दी लामो जनस्तरको सम्पर्क र सम्बन्धले द्विपक्षीय सम्बन्धलाई अझै प्रगाढ बनाउन मद्दत गरेको छ। अघिल्लो शताब्दीमा  वाह्य र आन्तरिक द्वन्द्वमा गोर्खा सिपाहीले मलेसियाको पक्षमा लडेको कुरा मलेसियाका जनताको स्मरणमा ताजै छ। त्यही युद्ध लड्ने पुस्ताका सन्ततिहरू मलेसियामा नै नागरिक भई बसोबास गर्ने नेपाली समुदायको संख्या पनि ठूलो छ।

नेपालमा मलेसियन पर्यटक भित्र्याउनका लागि ठूलो सम्भावना रहेको छ। नेपाल र मलेसिया बिच हवाईसेवाको सहज पहुँचले गर्दा दुवै देशका नागरिकहरु पर्यटनको लागि आवतजावतका लागि सहज बनेकोछ। नेपाल-मलेसियाका द्विपक्षीय कुटनीतिक सम्बन्धलाई निम्न आयामहरुमा हेर्नु पर्ने हुन्छः

## २.१ श्रम सम्बन्ध र रोजगारी

श्रम सम्बन्ध र रोजगारीको विषय नेपालका लागि मात्र होईन, संसारभरिकै विकासोन्मुख र विकसित राष्ट्रहरुका राष्ट्रिय अर्थतन्त्रका लागि महत्वपूर्ण विषय बनेको छ। श्रमिक, श्रम सम्बन्ध र रोजगारीका सम्बन्धमा थुप्रै बहुपक्षीय र द्विपक्षीय सन्धि सम्झौताहरु भएका छन। त्यसैले पछिल्ला दशकहरुमा आप्रवाशन, श्रम सम्बन्ध र रोजगारीका विषयहरु कुटनीतिका महत्वपूर्ण विषयहरु बनेका छन।

श्रम आप्रवासनबाट हुने आम्दानीले नेपालको अर्थतन्त्रमा ठूलो हिस्सा ओगटेको छ। मुलुकको राष्ट्रिय ढुकुटीका लागि वैदेशिक मुद्रा सञ्चितिको मुख्य श्रोत त विप्रेषण नै हो। सन् २००१ देखि नेपालको मलेसियासँग औपचारिकरुपमा श्रम सम्बन्ध सुरु भएको हो। नेपाली श्रमिकलाई मलेसियामा रोजगारी उपलब्ध गराउने कुरा नेपाल र मलेसियाको आपसी साहोगको विषय हो। मेलसियाले विदेशी कामदार ल्याउने १५ वटा स्रोत देशहरु तोकेको छ र मलेसियामा जाने कामदार मध्ये सवै भन्दा बढी ईन्डोनेसिया, दोश्रोमा वंगलादेश र तेश्रोमा नेपाल पर्छ। मेलसियामा हाल लगभग ७ लाख ५० हजार नेपाली कामदार कार्यरत रहेको अनुमानित आँकडा छ। हालसम्म करीब ४३ लाख नेपाली श्रम स्वीकृति लिए रोजगारीका लगि विभिन्न देशमा पुगेका छन। नेपालीका लागि मलेसिया ठूला श्रम गन्तव्य मध्येको एक गन्तव्य बनेको छ। वैदेशिक रोजगारीका लागि विदेशिएका नेपाली मध्ये मलेसियामा करीब १७ प्रतिशत कार्यरत रहेका छन् (वैदेशिक रोजगार विभाग)। सन् २०२१, २०२२ र २०२३ मा क्रमशः ३६,६४४, २,५९,९५१ र १,०१,८१८ जना नेपाली श्रमिकहरू रोजगारीका लागि मलेसिया गएको तथ्याङ्क छ। जसमध्ये सन् २०२२ मा मात्र ७२९९ महिला कामदार मलेसियामा गएका थिए। सन् २०२२ मा त जम्मा वेदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरुमध्ये ३३.६६ % मलेसियामा गएको तथ्याङ्क छ।

नेपालमा मलेसियाबाट आउने रेमिटेन्सको हिस्सा पनि ठूलो छ। सन् २००१ देखि यता नेपाल भित्रिने जम्मा विप्रेषणलाई हेर्ने हो भने नेपालको कुल गार्हस्थ उत्पादनको १०% माथि र २९.६ % सम्म रहेको छ। सन् २०२१ मा नेपालमा विप्रेषण पठाउने ५० देशहरु मध्ये मलेसिया दोश्रोमा पर्छ र विश्व वैंकको तथ्याङ्क अनुसार सन् २०२१ मा मात्र मलेसियाबाट २ खर्ब रुपैयाँ भन्दा बढी विप्रेषण भित्रिएको छ।

सन् २०१८ को अक्टोवरमा नेपाल र मलेसिया सरकारहरुका बिचमा द्विपक्षीय श्रम समझदारी भएको छ र उक्त श्रम समझदारीले कामदार भर्ना, रोजगारी र स्वदेश फिर्ता जस्ता विषयहरूलाई समेटेको छ। यो श्रम समझदारीले कामदार र रोजगारदाता दुवैका अधिकारलाई सुनिश्चित गरेको छ। यो सम्झौतामा चलनचल्तीमा रहेको फ्री भिसा-फ्री टिकेटको व्यवस्था रोजगारदाताले गर्नु पर्ने भन्ने अवधारणा भित्र १० वटा अधिकारलाई (नेपाल र मलेसियामा हुने स्वास्थ्य परिक्षण र प्रकृयामा लाग्ने अन्य शुल्क फ्री हुने र सुरक्षित काम गर्ने वातावरण आदी) सुनिश्चित गरिएको छ। यो सम्झौताको

समयावधि ५ वर्ष रहेकोमा अवधि समाप्त भैसकेकोले सम्झौताको कार्यान्वयनको समीक्षा गरी नवीकरण गर्नु पर्ने समय भएको छ ।

श्रम सम्झौतालाई कार्यान्वयनमा ल्याउनका लागि केही चुनौतीहरु छन र तिनलाई कुटनीतिक हिसावले समाधान गर्नु पर्ने देखिन्छ ।

- कामदारसँग रकम नलिने भनिएका शिर्षकमा पनि रकम लिने गरिएको गुनासो ।
- मलेसिया पुगिसकेका कामदारले स्वास्थ्य परिक्षणको रकम सोधभर्ना पाउन कठिनाई ।
- खास गरेर सेक्युरिटी गार्डमा काम गर्ने कामदारले लामो समयसम्म शौचालय जान नपाउने र पानी कम खाने र परिणामस्वरुप उनिहरुको मृगौलासम्बन्धी रोग लिएर फर्कने गरेको (३० श्रावण २०८१ को गोरखापत्रमा [illegible] डायालासिस गर्ने विरामी वैदेशिक रोजगारीबाट फर्केकाहरु भन्ने रिपोर्टिङ) ।
- मलेसिया पुगेर काम नपाउनेहरु, काम पाएकाहरु पनि मर्यादित, भरपर्दो र गुणस्तरीय काम नहुनेहरु, सम्झौता अवधि सकिएकाहरु (कामदारको सम्झौता २ वर्षको हुने गर्छ) अनडकुमेन्टेड (अवैधानिक) हुने गरेको । यस्ता कामदारहरु जोखिममा हुन्छन् ।
- त्यसैगरी केही कामदारहरु मलेसियाका जेलमा रहेका छन् र अस्पतालमा कोमामा रहेका छन् (उनीहरुलाई सजिले काठमाडौँ फर्काउन सक्ने अवस्था पनि छैन) र ट्राभल गर्न सक्षम नभै नै कामदारहरुलाई फर्काउने गरेको जस्ले गर्दा धेरै कामदारहरुको वाटोमै मृत्यु हुने गरेको ।
- कतिपय श्रमिकहरु नेपाल फर्कन हवाईजहाजको टिकेट किन्ने पैसा नभएर अवैधानिक भएर बसेको अवस्था ।
- श्रमिकहरुको ८ घण्टा काम गर्ने अवधिको मात्र बिमा हुन्छ, जबकि कामदारहरु वासस्थान र अन्यत्र (२४ घण्टा नै) पनि उतिकै जोखिममा हुन्छन । काम भन्दा बाहिरको समयको बिमा गरिएको हुँदैन।
- कतिपय श्रमिकहरु नेपाल फर्कनु पर्ने अवस्थामा नेपालको आफ्नो घर ठेगाना नै थाहा पाउँदैनन र कहाँ पठाउने भन्ने थाहा नहुने ।
- कल्याणकारी कोषमा अधिकांश  कामदारको पहुँच नहुने र प्रकृयावारे जानकारी नहुने।
- अस्थायी प्रकृतिका रोजगारीका कारण अधिकांश श्रमिकको सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने क्रम रोकिने गरेको ।

## गर्नुपर्ने कामहरु

- नमुना मानिएको मलेसियासंगको श्रम सम्झौतालाई थप बलियो बनाउने । श्रम सम्झौतामा भएका प्रावधानलाई कार्यान्वयन गर्न दुवै देशको उच्चस्तरमा संवाद बढाउने ।
- श्रम सम्झौतालाई नवीकरण गर्ने ।

- मलेसिया सरकारले भिसा दिने देखि कामदार मलेसिया पुग्ने र कामको थालनी गर्ने समयसम्म अनुगमन गर्ने संयन्त्रको विकास गर्ने।
- मलेसियाका कम्पनीहरुले नै सेवा शुल्क दिने सुनिश्चित गर्ने संयन्त्र निर्माण गर्ने।
- कामदार भर्ना प्रकृया पारदर्शी र सहज बनाउन रोजगारदाता र नेपालका म्यानपावर कम्पनी बिच सिधा समन्वय गर्ने संयन्त्रको विकास गर्ने।
- कल्याणकारी कोषहरुमा कामदारको पहुँच बढाउने ।
- मलेसियामा नेपाली श्रमिकलाई सेवा प्रदान गर्न विभिन्न ठाँउमा सेवा केन्द्र राख्ने।
- श्रम तथ्याङ्कको उचित व्यवस्थापन गर्ने।

व्यवसायी, श्रमिक, उपभोक्ता सबैलाई लाभ हुने र सबै व्यवसायलाई जिम्मेवार वनाउन संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुले व्यवसाय र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गदर्शक सिद्धान्तलाई सन २०११ मा अनुमोदन गरेका छन। नेपाल र मलेसियाले पनि अनुमोदन गरि नेपालले व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्य योजना वनाई सकेको छ र मलेसिया उक्त कार्य योजना वनाउने क्रममा रहेकोछ। माथी उल्लेख गरिएका सवालहरुलाई संबोधन गर्न व्यवसायलाई सामाजिक हितप्रति उत्तरदायी वनाउने बहुपक्षीय र द्विपक्षीय सन्धि-संझौता, समझदारीका आधारमा कुटनीतिक प्रयास गर्नु पर्ने हुछ र यो रणनीति श्रम गन्तव्य भएका सबै मुलुकमा अपनाउनु आवश्यक छ।

नेपालको परराष्ट्र नीति २०७७ ले वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित वानाउन लिएको नीति अनुसार कुटनीतिक संवाद र सहकार्य मार्फत नेपाली श्रमिकको पेशागत हकहित, सुरक्षा, सामाजिक सुरक्षा एवम् मर्यादित रोजगारको प्रत्याभूति गर्ने काम मार्फत माथि उल्लेख गरिएका चुनौतीलाई संवोधन गर्न प्रयत्नरत रहनेछु।

## २.२ व्यापार सम्बन्ध

नेपालले तरकारीजन्य वस्तु, हस्तकला, केही गार्मेन्ट्स मलेसियामा निर्यात गर्छ भने मलेसियाबाट यातायातका साधनका लागि पार्टपूर्जा, तेलजन्य पदार्थ, ईलेक्ट्रिकल सामग्री, फर्निचर र काठजन्य वस्तु, प्लास्टीकका सामान र रासायनिक वस्तु आयात गर्दछ। द्विपक्षीय व्यापारमा नेपालले सानो मात्रामा निर्यात गर्छ भने मलेसियाबाट ठूलो मात्रामा आयात गर्छ। मलेसियासंगको निर्यात र आयातको संतुलनलाई सन् २०१२ देखि सन् २०१६ सम्मको व्यापारलाई हेर्दा निर्यात अत्यन्त न्यून देखिन्छ। यसको अर्थ मलेसियासँगको नेपालको व्यापार ऋणात्मक रहेको देखिन्छ।

मलेसियामा नयाँ व्यापारका क्षेत्रहरु जस्तै जडिवुटि, चिया, छुर्पी, खानेपानी जस्ता वस्तुहरुको व्यापार विस्तार गर्न सकिने सम्भावना छ। यी सम्भावनाहरुको आधारमा मलेसियासँग व्यापार सम्बन्ध विस्तार गर्न प्रयत्न गर्ने छु।

## २.३ शिक्षा र प्राविधिक सहयोग

मलेसियाले नेपाली विद्यार्थीहरुलाई विभिन्न विषयमा छात्रवृत्ति र प्राविधिक सहयोग प्रदान गर्ने गरेकोछ। कृषि, शिक्षा, ईलेक्ट्रोनिक्स, प्रशासन, वातावरण संरक्षण, कम्प्युटर प्रोग्रामिङ, विपद् जोखिम व्यवस्थापन र व्यापारका लागि

मलेसियाले मलेसियन प्राविधिक सहयोग कार्यक्रम (MTCP) अन्तरगत नेपाललाई सहयोग गरिरहेकोछ। अहिले भैरहेका द्विपक्षीय सहयोगका आधारमा थप प्राविधिक सहयोगहरु नेपाल भित्र्याउन र नेपालमा भएको प्राविधिक तथा शैक्षिक सेवाहरु मलेसियामा पुर्याउने सम्भावनाहरुको खोजी गर्नेछु।

## २.४ पर्यटन

केही वर्ष यता मलेसियन नागरिकहरुको ठूलो संख्या पर्यटकको रुपमा नेपाल भित्रिने गरेको पाईन्छ। सन् २०१६ मा करिव १४००० मलेसियन नागरिक पर्यटकको रुपमा नेपाल आएका थिए। नेपालको सुन्दर भौगोलिक बनावटका कारण मलेसियन नागरिकहरुका लागि नेपाल मनपर्दो गन्तव्य स्थलको रुपमा परिचित छ। पदयात्रा, पर्वतारोहण, र्‍याफ्टिङ, जंगल-सफारी, र सांस्कृतिक स्थलहरु मलेसियन नागरिकका लागि आकर्षणका पर्यटकीय गतिविधिहरु हुने गरेका छन् । मलेसिया स्थित नेपली दुतवासमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु आयोजना गरी मलेसिया स्थित नेपालीहरुका संघ-संस्थाहरुको समन्वयमा नेपालको पर्यटन क्षेत्रलाई परिचित गराई पर्यटकलाई आकर्षित गर्न सकिने सम्भावना रहेको छ। यसका लागी नेपाल टुरिज्म बोर्डलाई मलेसियामा गएर कार्यक्रम गर्ने र नेपालको सम्पदाको प्रचार प्रसार गर्न प्रोत्साहित गर्नु पर्ने हुन्छ।

## २.५ प्रत्यक्ष वैदेशिक लगानी

सन् २०१४ को आँकडा अनुसार मलेसियाले नेपालमा हाइड्रो पावर लगायत २७ वटा विभिन्न उद्योगहरु र सेवाका क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी गरेको देखिन्छ। २७ वटा परियोजनामा ४६६.४८ मिलियन अमेरिकी डलर लगानी गरी ८५३ जनालाई रोजगारी प्रदान गरेको पाईएकोछ। रासायनिक मल उत्पादन गर्ने उघ्योगका लागि मलेसियाले सम्भाव्यता अध्ययन गरि रहेकोछ।

उर्जा, औद्योगिक उत्पादन, कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा मलेसियाको वैदेशिक लगानी आकर्षण गर्न सकिन्छ
।

# ३. हस्ताक्षर भएका तथा तयारीको क्रममा रहेका समझदारी तथा सम्झौताहरुको कार्यान्वयन

नेपाल र मलेसिया बिचका द्विपक्षीय सम्बन्धका विविध आयामहरू रहेका छन्। मलेसिया नेपाली कामदारको लागि मुख्य गन्तव्य देश भएको र लाखौंको संख्यामा नेपाली श्रमिक रहेको हुनाले दुतावासले चुस्त दुरुस्त सेवा पुर्याउनु पर्ने हुन्छ। यसका लागि नेपालको परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गृह मन्त्रालयसँग र मलेसियाका सम्बन्धित निकायसँग समन्वय गरी नेपाल र मलेसिया बिच भएका श्रम सम्झौता र समझदारी कार्यान्वयन गर्न सहजीकरण गर्नेछु। तयारीको क्रममा रहेका समझदारी तथा सम्झौताहरुलाई दुतावासको कार्यादेश भित्र रही हस्ताक्षर गर्ने अवस्थामा पुर्याउन प्रयत्न गर्नेछु।

## ४. कन्सुलर तथा अन्य सेवा

नेपाली नागरिकहरुको हकहितको संरक्षण र संवर्धन गर्न मलेसिया लगायत तोकिएका देशमा स्थित गैर-आवासीय नेपालीहरुको संस्था (NRNA) लगायत अन्य संघ-संस्थाहरुसँग सहकार्य र समन्वय गर्दै दैनिक कार्य सञ्चालन गर्नेछु । दुतावासबाट गर्नुपर्ने कन्सुलर सेवा लगायतका अन्य सेवाहरुलाई प्रभावकारी बनाउन प्रयत्नरत रहनेछु ।

## ५. विधागत कार्य-योजना

| क्र.सं. | विषयगत क्षेत्र | सम्पन्न गरिने कामहरु | कैफियत |
|---|---|---|---|
| १. | कुटनीति कार्य | • नेपालको संविधानले निर्दिष्ट गरेका परराष्ट्र नीतिका निर्देशक सिद्धान्त, नेपालको परराष्ट्र नीति र नेपाल सरकारबाट समय समयमा हुने नीति निर्देशनको परिधि भित्र रही काम गर्ने ।<br>• मलेसियाका उच्चस्तरका पदाधिकारीसँग भेटघाट, दुई देश बिचको सम्बन्ध विस्तार र सुदृढ गर्न र कुटनीतिका नयाँ क्षेत्रहरु विस्तार गर्न राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विषयहरुको गहन अध्ययन गर्ने र र परराष्ट्र मन्त्रालयमा आवधिक प्रतिवेदन पेश गर्ने, विभिन्न देशका कुटनीतिक नियोगका प्रमुखहरुसँग भेटघाट र सम्बन्ध विकास गर्ने ।<br>• दुई देश बिचको सम्बन्ध र सहकार्य सुदृढ गर्न उच्चस्तरीय भेटघाटका लागि पहल गर्ने ।<br>• राजदुतस्तरमा भएका सबै प्रकारका द्विपक्षीय वार्ता, छलफल, संवाद र अन्तर्कृयाको अभिलेख राख्ने र सरोकारवाला निकायमा संप्रेषण गर्ने । | |
| २. | श्रम सम्बन्ध र वैदेशिक रोजगारी | • दुई देशबिच भएका श्रम सम्झौता तथा समझदारीहरुको कार्यान्वियन गर्न पहल गर्ने र प्रकृयमा रहेका श्रम सम्झौताहरुलाई अन्तिम रुप दिन काम गर्ने ।<br>• दक्ष जनशक्तिका लागि वैदेशिक रोजगारीका नयाँ अवसरहरुको खोजी गर्ने र आम नेपाली श्रमिकका लागि सुरक्षित र प्रतिष्ठित कम्पनीहरुमा नयाँ रोजगारीका अवसरहरुको खोजी गर्ने ।<br>• नेपाली श्रमिकले भोगी रहेका समस्याहरु समाधान गर्न पहल गर्ने र श्रमिकका हक-अधिकार (बिमा, क्षतिपूर्ति, दुर्घट्ना, उचित तलव, ठगीबाट जोगिने, मर्यादित र सुरक्षित काम, जेल | |

| | | | |
|---|---|---|---|
| | | सजायमा परेकालाई न्याय आदि) संरक्षण गरी न्याय दिलाउन कुटनीतिक प्रयत्न गर्ने ।<br>• श्रम र रोजगारी सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने र दुतावासले श्रमिकलाई दिनुपर्ने सेवा सहज र पारदर्शी बनाउने र तत्काल सेवा दिने । | |
| ३. | व्यापार प्रवर्द्धन | • गैर आवासीय नेपाली संघ, नेपाली समुदाय, उद्यमी र व्यापार संघको सहयोगमा नेपालबाट निर्यातका लागि सम्भाव्य वस्तुहरुको सूची तयार गर्ने ।<br>• नेपालबाट निर्यात हुन सक्ने तुलनात्मक लाभ हुने नेपाली उत्पादनहरु जस्तै अर्गानिक चिया, कफी, पिउने पानी, चीज, जडिबुटी, हस्तकला, कार्पेट, पश्मिना, ताजा तरकारी, स्याउ, मसलाहरु (बेसार, अदुवा, अलैंची) आदी निर्यात गर्न सहजीकरण गर्ने ।<br>• नेपाल सरकारका सम्बन्धित निकाय, उद्यमीहरुलाई आमन्त्रण गरी मलेसियामा हुने व्यापार मेलाहरुमा नेपाली सामानहरु प्रवर्द्धन गर्न प्रेरित गर्ने, दुई देशका उद्यमीहरु बिच भेटघाट र अन्तर्कृया आयोजना गर्ने, नेपाली वस्तुहरु दुतावासमा प्रदर्शनीमा राख्ने । | |
| ४. | पर्यटन प्रवर्द्धन | • मलेसियाबाट धैरै भन्दा धैरै गुणस्तरीय पर्यटक भित्र्याउन मलेसियामा रहेका ट्राभल एजेन्ट, पर्यटनसम्बन्धी सरकारी तथा निजी संस्थाहरुसँग भेटघाट गर्ने र नेपालका पर्यटकीय विशेषता सम्बन्धमा जानकारी दिने र मलेसियन नागारिकलाई नेपाल भ्रमण गर्न प्रोत्साहित गर्ने ।<br>• नेपालका पर्यटकीय आकर्षणबारे नेपाल दुतावासको वेवसाईटमा र सोसल मेडिया मार्फत प्रचार प्रसार गर्ने ।<br>• नेपालका पर्यटन प्रवर्धन गर्ने निकायहरु जस्तै- ट्राभल एजेन्ट, ट्रेकिङ कम्पनी, होटेल व्यवसायी, सम्बन्धित सरकारी निकायहरुलाई आमन्त्रण गरी अन्तर्कृया तथा प्रस्तुतिकरण गर्न लगाउने । | |
| ५. | लगानी प्रवर्द्धन र वैदेशिक सहयोग | • लगानी बोर्डसँग समन्वय गरी मलेसियाबाट नेपालमा हुन सक्ने लगानीका क्षेत्रहरु पहिचान गर्ने । | |

| | | | |
|---|---|---|---|
| | | • सम्भावित र ईच्छुक लगानीकर्ताहरुसँग बैठक, सूचना आदान प्रदान, अन्तर्कृया तथा छलफल कार्यक्रम गर्न सहजीकरण गर्ने र नेपालमा लगानीका प्रकृयागत कुराहरु जानकारी गराउने।<br>• मलेसिया र तोकिएका देशस्थित द्विपक्षीय तथा बहुपक्षीय संगठनहरुबाट वैदेशिक सहायता जुटाउन प्रयत्न गर्ने। | |
| ६. | शिक्षा, विज्ञान र प्रविधि | • कृषि, जलवायु, आईटी जस्ता क्षेत्रमा उत्पादन र रोजगारी वृद्धि गर्न प्रविधि भित्र्याउने र नेपालमा भएका आई टी सेवा, शिक्षा र प्रविधि मलेसिया निर्यात गर्ने सम्भावनाहरुको खोजी गर्ने। | |
| ७. | सार्वजनिक कुटनीति र जनस्तरको सम्बन्ध | • सार्वजनिक कुटनीतिको माध्यमबाट नेपालको विशिष्ट पहिचान र छविलाई प्रवर्द्धन गर्ने।<br>• गोर्खा सिपाहीले गरेको योगदानलाई कदर गर्नका लागि गोर्खा सिपाही र मलेसियाका नयाँ पुस्ताका नागरिक बिच अन्तर्कृया आयोजना गर्ने।<br>• ७ लाख भन्दा बढी नेपाली कार्यरत रहेकोले मलेसियासँगको जनस्तरको सम्बन्धलाई मजबुत बनाउने।<br>• सांस्कृतिक, प्राज्ञिक सम्बन्ध विस्तार गरी नेपाली कला र संस्कृतिको प्रचार प्रसार गर्ने। | |
| ८. | गैर-आवासीय नेपाली तथा नेपाली डायस्पोरा | • मलेसिया र तोकिएका देशहरुस्थित गैर-आवासीय नेपाली संघ र अन्य नेपाली संघ-संगठनहरुलाई परिचालन गरी आर्थिक कुटनीति सम्बन्धी छलफल गर्ने ।<br>• मलेसियामा काम गर्ने श्रमिक र अन्य नेपाली समुदायको हक हितका लागि काम गर्ने। | |
| ९. | आन्तरिक प्रशासन तथा व्यवस्थापन | • दुतावासबाट हुने सेवा प्रवाह छिटो, छरितो र पारदर्शी बनाउने।<br>• दुतावासले प्रदान गर्ने सेवाहरुलाई अनलाईन (डिजिटाईजेसन) गर्न प्रयत्न गर्ने।<br>• उपलब्ध सञ्चार प्रविधिको प्रयोग गरी दुतावासले उपलब्ध गराउने सेवाहरु र आर्थिक र प्रशासनिक कार्यहरु पारदर्शी, सहज र सुलभ बनाउने। | |

सन् २०२६ मा नेपाल अति कम विकसित राष्ट्रबाट विकसित राष्ट्रमा स्तरोन्नति हुँदै गरेको अवस्थामा इन्डोनेसिया-जी २० समुहको सदस्य राष्ट्र जस्तो देशमा आर्थिक कुटनीति मार्फत नेपाली वस्तुको बजार विस्तार गर्ने, पर्यटन विस्तार गर्ने र लगानी र प्रविधिलाई भित्र्याउने प्रयत्न गर्ने छु।

## ६.२ फिलिपिन्स

नेपाल र फिलिपिन्सको दौत्य सम्बन्ध पनि सन् १९६० मा नै सुरू भएको हो। नेपाल र फिलिपिन्सका जनस्तरका सम्बन्धहरु पर्यटन, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रणाली मार्फत प्रगाढ बन्दै गएको देखिन्छ। फिलिपिन्सका विश्वविध्यालयबाट विविध विषय जस्तै कृषि, वन, चिकित्सा, ईन्जिनियरिङ, पूर्वाधार विकास, हवाई सेवा आदी विषयमा उच्च शिक्षा हासिल गर्ने नेपलीहरुको संख्या ठूलो रहेको छ। यसैका कारणले पनि नेपाल र फिलिपिन्सको जनस्तरको सम्बन्ध प्रगाढ बनेको अवस्था हो। फिलिपिन्स मध्यपूर्व र मलेसियामा आफ्ना नागरिकलाई वैदेशिक रोजगारमा कामदारका रुपमा पठाउने देश मध्येको एक हो भने नेपाल पनि यी देशहरुमा कामदार पठाउने देशहरूमध्ये एक हो। आप्रवासी कामदारको हक हित र सुरक्षा, मर्यादित काम गर्न पाउने अधिकारका बारेमा दुवै देशले साझा मान्यता राख्दछन्। फिलिपिन्स र नेपाल बिच आपसी सहकार्यको यो महत्वपूर्ण विषय बन्न सक्छ।

अहिले भैरहेका कुटनीतिक सम्बन्धहरुलाई सुदृढीकरण गर्दै आर्थिक कुटनीतिका क्षेत्रहरु, प्रविधि पर्यटन र लगानीका नयाँ क्षेत्रहरु कुटनीतिक माध्यमद्वारा पत्ता लगाई आपसी सहकार्य प्रवर्द्धन गर्न प्रयत्न गर्ने छु।

## ६.३ ब्रुनाई

नेपाल र ब्रुनाईको औपचारिक कुटनीतिक सम्बन्ध सन् १९८४ मा भएको हो। सन् १९६५ मा ब्रुनाईमा भएको विद्रोहलाई मत्थर बनाउन वेलायत मार्फत मलाया र सिंगापुरमा रहेका गोर्खा सैनिक लगिए देखि नै जनस्तरमा ब्रुनाई र नेपाल बिच सम्बन्ध स्थापित भैसकेको थियो। सन् १९६५ देखिनै नेपाल र ब्रुनाईको सम्बन्ध निरन्तर छ। खास गरेर ब्रुनाईमा सुरक्षा दस्तामा काम गर्ने नेपालीको संख्या ठूलो छ। सन् २०२२ मा ब्रुनाईमा १३५५ नेपाली कामदार श्रमिकको रुपमा गएको देखिन्छ र सोही वर्ष करिब ३ अर्ब विप्रेषण प्राप्त भएको तथ्याङ्क छ।

ब्रुनाईमा काम गर्ने नेपाली श्रमिकको हकहित र सुरक्षाका निमित्त काम गर्ने र आर्थिक कुटनीति लगायत अन्य क्षेत्रहरु पत्ता लगाई दुई देशका आपसी हितका लागि सहकार्यका लागि प्रयत्न गर्ने छु।

## ६.४ पूर्वी टिमोर

पूर्वी टिमोरसँग नेपालले सन् २०२२ मा मात्र कुटनीतिक सम्बन्ध बनाएको हो। पूर्वी टिमोरमा विभिन्न विधाका नेपाली विषेशज्ञहरुले उक्त देशको विकास सम्बन्धमा विभिन्न तहमा काम गरिरहेको अवस्था छ। पुर्वी टिमोरमा रहेको नेपाली डायस्पोरासंग सम्पर्क र समन्वय गरी नेपाल र पूर्वी टिमोरका आपसी हित र लाभका क्षेत्रहरु पत्ता लगाई दुई देश बिचको सहकार्य वढाउन प्रयत्न गर्ने छु।

## ७. निष्कर्ष

मैले हासिल गरेका ज्ञान, सिप, क्षमता र राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभवहरुको पूर्ण सदुपयोग गरी नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वाभिमान र स्वाधिनता एवं समुन्नतिका लागि निरन्तर प्रयत्नशील रहँदै नेपालको बृहत्तर हित प्रवर्द्धनका लागि कटिबद्ध रहने छु । नेपालको परराष्ट्र नीतिले निर्देश गरेका र सम्माननीय प्रधानमन्त्री, माननीय परराष्ट्र मन्त्री र परराष्ट्र मन्त्रालयले दिएका कुटनीतिक निर्देशनहरु, राजदुतको कार्यविवरण अनुसारका कार्यहरु र अन्य आवश्यक पर्ने कार्यहरु ईमान्दारिताका साथ सम्पन्न गर्नेछु ।

अन्त्यमा, मलेसिया र तोकिएका अन्य देशहरुमा नेपाली राजदुतको रुपमा मेरो कार्ययोजना प्रस्तुति गर्ने यस अवसरका लागि माननीय सभापतीज्यू र माननीय सदस्यज्यूहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ।